बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

आज मिति २०८१ आषाढ २२ गतेका दिन बेसीशहर नगरपालिका नगर कार्यपालिकाका नगरप्रमुख श्री गुमानसिंह अर्यालको अध्यक्षतामा बसेको कार्यपालिकाको ४१ औं (एकचालीसौं) बैठकको उपस्थिति र निर्णय निम्नानुसार छ ।

## उपस्थिति

| | |
|---|---|
| नगर प्रमुख | श्री गुमानसिंह अर्याल |
| नगर उप-प्रमुख | श्री पद्मा गुरुङ |
| प्रमुख प्रशासकीय अधिकृत | श्री चेतनाथ अर्याल |
| कार्यपालिका सदस्य वडा नं. १ | श्री दुर्गा बहादुर बुढाथोकी |
| " " " २ | श्री मदन बहादुर राना |
| " " " ३ | श्री चित्र बहादुर दर्नाई |
| " " " ४ | श्री गम बहादुर गुरुङ |
| " " " ५ | श्री इन्द्र बहादुर गुरुङ |
| " " " ६ | श्री प्रकाश थापा |
| " " " ७ | श्री ऋषिराम बस्नेत |
| " " " ८ | श्री पवित्रा थापा राना |
| " " " ९ | श्री खुसिजंग गुरुङ |
| " " " १० | श्री गंगा बहादुर थापा |
| " " " ११ | श्री शिव प्रसाद जोशी |
| " " | श्री हिरालाल विश्वकर्मा |
| " " | श्री श्रीनाथ दुलाल |
| " " | श्री कल्पना थापा बोहरा |
| " " | श्री विमला न्यौपाने अधिकारी |
| " " | श्री सुकमाया गुरुङ |
| " " | श्री सुकमाया घर्ती |
| " " | श्री मनिता परियार |

## सहजकर्ता कर्मचारीको उपस्थिति

| | |
|---|---|
| अधिकृत - | श्री शम्भु प्रसाद घिमिरे |
| लेखा अधिकृत | श्री सृजना पौडेल |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/०३/२३ गतेको बैठक

**बेसीशहर नगर कार्यपालिकाको कार्यालय**

**लमजुङ, गण्डकी प्रदेश, नेपाल**

**नगर कार्यपालिकाको मिति २०८१/०३/२३ गतेको बैठकका प्रस्तावहरु**

१. भुक्तानी दिन बाँकी रहेका आयोजना/कार्यक्रमहरुको भुक्तानी सम्बन्धमा ।

२. औद्योगिक ग्रामको सम्बन्धमा ।

- प्रारम्भिक वातावरणीय परीक्षणको प्रतिवेदन सम्बन्धमा ।
- ठेक्का बन्दोबस्ती सम्बन्धमा ।

३. विविध

- सहकारी आधारशिला तालिम सम्बन्धमा ।

**बैठकका निर्णयहरु**

**निर्णय नं १ : भुक्तानी दिन बाँकी रहेका आयोजना/कार्यक्रमहरुको भुक्तानी सम्बन्धमा ।**

चालु आ.व.२०८०/८१ मा आन्तरिक श्रोत, स्थानीय राजश्व, प्रदेश समानीकरण लगायतका शिर्षकहरुबाट स्वीकृत गरिएका आयोजना/कार्यक्रमहरुमध्ये कार्यक्रम सम्पन्न भएका तर उक्त शिर्षकहरुमा श्रोत अभाव भई भुक्तानी दिन बाँकी रहेका आयोजना/कार्यक्रमहरुको भुक्तानी सम्बन्धमा यस कार्यपालिका बैठकमा छलफल हुँदा पुरानोकोट गढी भ्यूटावरमा नगरपालिकाको तर्फबाट शोधभर्ना गर्ने गरी भुक्तानी भएको रकम निर्माण व्यवसायी संस्था श्री पराजुली कन्स्ट्रक्सन प्रा.लि.ले नेपाल सरकारबाट प्राप्त गरी सो रकम निर्माण व्यवसायीद्वारा नगरपालिकाको खातामा शोधभर्ना वापत प्राप्त भै सकेको हुँदा उक्त रकमबाट भुक्तानी दिन बाँकी रहेका आयोजना/कार्यक्रमहरुको भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं २ : औद्योगिक ग्रामको सम्बन्धमा ।**

यस बेसीशहर नगरपालिका वडा नं ५ र ९ स्थित सितलेस्वाँरामा औद्योगिक ग्राम निर्माणको लागि परामर्शदाताबाट तयार भएको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) को अन्तिम प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो साथै संघीय सरकारबाट हालसम्म विनियोजित भएको बजेट रु. ९२ लाखबाट ठेक्का बन्दोबस्ती गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/०३/२३ गतेको बैठक

**निर्णय नं ३ : सहकारी आधारशिला तालिम सम्बन्धमा ।**

चालु आ.व २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार सहकारीहरुको प्रवर्द्धन तथा व्यवसायिकता विकासमा टेवा पुर्याउने उदेश्यले बेसीशहर नगरपालिका र नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लिमिटेड (नेफ्स्कुन) को साझेदारीमा बेसीशहर नगरपालिकाको नियमन क्षेत्र भित्र पर्ने सहकारीहरुको अध्ययन गरी आधारशिला कार्यक्रम सञ्चालन भई प्रतिवेदन सहित भुक्तानीको लागि पेश भएकोमा पेश भए बमोजिमको रकम भुक्तानी गर्ने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख